# देवदह नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि स्थानीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०८३

**उद्देश्य र कारण**

आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि देवदह नगरपालिकाको स्थानीय संञ्चित कोषबाट रकम खर्च गर्ने सम्बन्धि अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत ऐन पेश गर्नु परेको हो ।

प्रस्तुत ऐनले स्थानीय सञ्चित कोषबाट खर्च गर्ने अधिकार र नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा तथा कार्यहरुको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ ।

**प्रस्तावना**: देवदह नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम देवदह नगरसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, परिभाषा र प्रारम्भः

(१) यस ऐनको नाम “विनियोजन ऐन, २०८३“ रहेको छ ।

(२) स्थानीय संचित कोष भन्नाले देवदह नगरपालिकाको स्थानीय संचित कोष सम्झिनु पर्दछ ।

(३) यो ऐन संवत् २०८३ साल साउन १ देखि प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८३/०८४ को निमित्त देवदह नगरपालिकाको स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

आर्थिक वर्ष २०८३/०८४ को लागि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि अनुसूची-१ मा उल्लेखित चालु खर्च र पूँजीगत खर्चको रकम समेत गरी जम्मा रकम रु.१,६९,९९,९३,५७९/- (अक्षरुपी एक अर्ब उनान्सत्तरी करोड उनान्सय लाख त्रीयानब्बे हजार पाँच सय उनासी मात्र) मा नबढाइ निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ तर संघीय सरकार, प्रदेशसरकार एवं राष्ट्रिय अन्तराष्ट्रिय विकास साझेदार, दातृ निकाय, राष्ट्रिय/अन्तराष्ट्रिय बैङ्क तथा संस्थाबाट प्राप्त हुने अनुदान रकममा संशोधन भइ आ.व. २०८३/८४ थप अनुदान रकम प्राप्त भएमा, प्राप्त रकम समेत सञ्चित कोषबाट खर्च गर्न वाधा पुग्ने छैन।

**३. विनियोजन :**

(१) यस ऐनद्वारा स्थानीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को लागि देवदह नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसुची २ अनुसार विनियोजन गरिएको छ ।

(२) उपदफा (१) बमोजिम अनुसूची २ मा उल्लेखित सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा अपुग देखिएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकमान्तर गर्दा जम्मा रकमको पच्चिस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकबाट अर्को एक वा एकभन्दा बढी शीर्षकमा रकमान्तर गर्न, निकासा गर्न र खर्च लेख्न, चालु तथा पुजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ ।

तर

क) एउटै खर्च सङ्केत भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

ख) पुजिगत खर्च शीर्षकमा विनियोजन रकम चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन तर वित्तीय लगानी र आन्तरिक तथा वाह्य ऋणको साँवा र ब्याज भुक्तानि खर्च शीर्षकमा रकमान्तर गर्न पाइनेछ।

४. विनियोजन ऐन अन्तर्गत नेपाल सरकार वा प्रदेश सरकार वा आन्तरिक स्रोतबाट प्राप्त कुनै एक प्रकारको खर्च व्यहोर्ने स्रोतमा रहेको रकम अर्को स्रोतमा स्रोतान्तर गर्ने अधिकार र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार लेखा उत्तरदायी अधिकृतलाई हुनेछ।

५. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत विनियोजन रकमको एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ वा नगर सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

६. **लेखाङ्कन, प्रतिवेदन तथा आन्तरिक लेखापरीक्षण सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम देवदह नगरपालिकाको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम, नगरपालिका क्षेत्र भित्रका नगरपालिका अन्तर्गतका कार्यालय, विद्यालय, स्वास्थ्य चौकी, नगर अस्पतालले कार्यान्वयन गर्दा रकम विनियोजन भएको निकायले खर्च इकाइको रुपमा प्रचलित कानुनले तोके बमोजिमको लेखा राखि लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने निकायले आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन तयार गरि प्रमाणित गराई देवदह नगरपालिकामा पठाउनु पर्नेछ ।

७. **अधिकार प्रत्यायोजन तथा अनुमोदनः**

आ.व.२०८३/८४ लागि विनियोजन भएको बजेटमा लक्ष्य बमोजिम आम्दानी (संघीय सरकारबाट प्राप्त रकममा थप-घट, प्रदेश सरकारबाट प्राप्त रकममा थप-घट, खर्च नभइ बचत अ.ल्या./

बैक मौज्दात रकम, आन्तरिक स्रोतबाट प्राप्त रकममा थप-घट) को आधारमा खर्च गर्नु परेमा वा बजेट परिवर्तन गर्नु परेमा कार्यपालिकाले निर्णय गरि खर्च गर्न सक्नेछ ।आन्तरिक स्रोतको रकम अपुग भई खर्च गर्नु परेमा अ.ल्या./सञ्चित कोषमा बैक मौज्दात रकमबाट खर्च गर्न वाधा पुग्ने छैन ।कार्यपालिकाबाट बजेट परिवर्तन गरि खर्च गरेको रकम आगामी हुने नगरसभाबाट अनुमोदन गर्नु पर्नेछ ।

**८. निर्देशिका, कार्यविधि मापदण्ड वा मार्गदर्शन बनाउन सक्नेः**

१. यस ऐन कार्यान्वयन गर्न देवदह नगर कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड वा मार्गदर्शन बनाउन सक्नेछ ।

२. उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत वार्षिक कार्यक्रममा समावेश भइ रकम विनियोजन भएका कार्यक्रमको कार्यन्वयनको लागि आवश्यक पर्ने देखिएमा नगर कार्यपालिकाले कार्यविधि वनाउन सक्नेछ ।

**९. विनियोजन ऐनको अंगः**

नगरसभाबाट पारित आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम विनियोजन ऐनको अंग हुनेछ ।

अनुसूची- १

**आ.व. ०८३/८४ का लागि अनुमानित आय**

| क्र.सं. | शिर्षक | प्राप्तिको श्रोत | आ.व. ०८३/०८४ को अनुमानित आय | कैफियत |
|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व | राजश्व | २४२१५०५७९ | |
| २ | समानिकरण अनुदान | संघीय सरकार | १५८२०००००० | |
| | | प्रदेश सरकार | १०८७२००० | |
| ३ | राजश्व बाँटफाँट | संघीय सरकार | १३९१९७००० | |
| | | प्रदेश सरकार | १४४७४००० | |
| ४ | शशर्त अनुदान चालु | संघीय सरकार | २९३७०००००० | |
| | | प्रदेश सरकार | ४३००००० | |
| ५ | शशर्त अनुदान पुँजीगत | संघीय सरकार | ५४१६०००००० | |
| | | प्रदेश सरकार | १४०००००० | |
| ६ | समपुरक अनुदान | संघीय सरकार | ३०००००० | |
| | | प्रदेश सरकार | १२०००००० | |
| ७ | विशेष अनुदान | संघीय सरकार | ४५००००० | |
| | | प्रदेश सरकार | २०००००० | |
| ८ | सामाजिक सुरक्षा भत्ता | संघीय सरकार | २२००००००० | |
| ९ | URLIP अन्तर्गत कार्यान्वयन हुने आयोजना | नगर विकास कोष ऋण | ४०००००००० | |
| **जम्मा** | | | **१६९९९३५७९** | |

## अनुसूची- २

## आ.व. ०८३/०८४ को अनुमानित क्षेत्रगत व्यय

| विषयगत क्षेत्र | उप क्षेत्र | रकम | सशर्त | क्षेत्रगत जम्मा |
|---|---|---|---|---|
| आर्थिक विकास | कृषि | ३०००००० | ३४००००० | ६४००००० |
| | पशु | ३०००००० | २३००००० | ५३००००० |
| | सहकारी | २००००० | | २००००० |
| | पर्यटन, संस्कृति तथा सम्पदा | १०००००० | | १०००००० |
| | उद्योग तथा वाणिज्य | ३२००००० | ८००००० | ४०००००० |
| | भुमि व्यवस्था | ६०००००० | | ६०००००० |
| | श्रम, रोजगारी र गरिबी निवारण | ६००००० | १२००००० | १८००००० |
| | वैकल्पिक उर्जा | १०००००० | | १०००००० |
| | **आर्थिक विकास जम्मा** | **१८००००००** | **७७०००००** | **२५७०००००** |
| सामाजिक विकास | शिक्षा | २४९२४००० | २३६४००००० | २६१३२४००० |
| | स्वास्थ्य | ६२९८१५० | ५२२००००० | ५८४९८१५० |
| | बालमैत्री शासन | ५३५००० | | ५३५००० |
| | युवा तथा खेलकुद | ३९९०००० | | ३९९०००० |
| | महिला, बालबालिका तथा जेष्ठ नागरिक | ५७५००० | | ५७५००० |
| | लैङ्गीक समानता तथा सामाजिक समावेशिकरण | ५३००००० | ३२००००० | ८५००००० |
| | नगर प्रमुख सम्बोधित कार्यक्रम | ३०००००० | | ३०००००० |
| | नगर उपप्रमुख सम्बोधित कार्यक्रम | ३०००००० | | ३०००००० |
| | उपप्रमुखसँग महिला कार्यक्रम | १५००००० | | १५००००० |
| | **सामाजिक विकास जम्मा** | **४९१२२१५०** | **२९१८०००००** | **३४०९२२१५०** |
| पूर्वाधार विकास | आवास, भवन तथा शहरी विकास | ० | ९०००००००० | ९०००००००० |
| | सडक पुल तथा यातायात | ० | १३५००००० | १३५००००० |
| | शहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजना (URLIP) | ६००७१४२९ | ४५०१००००० | ५१०१७१४२९ |
| | URLIP अन्तर्गत कार्यान्वयन हुने आयोजनाका लागि नगर विकास कोष ऋण | | ४०००००००० | ४०००००००० |
| | संघ/प्रदेश समपुरक आयोजना न.पा. साझेदारी | २५०००००० | | २५०००००० |
| | सडक बोर्ड साझेदारी | ७०००००० | | ७०००००० |
| | यातायात पूर्वाधार (समपुरक) | | १५०००००० | १५०००००० |
| | क्रमागत योजना | ३५०००००० | | ३५०००००० |

| विषयगत क्षेत्र | उप क्षेत्र | रकम | सशर्त | क्षेत्रगत जम्मा |
|---|---|---|---|---|
| | नगर प्रमुख सम्बोधित कार्यक्रम | ९०००००० | | ९०००००० |
| | नगर उपप्रमुख सम्बोधित कार्यक्रम | ९०००००० | | ९०००००० |
| | मर्मत सम्भार कोष | १०००००० | | १०००००० |
| | **पूर्वाधार विकास जम्मा** | **१४६०७१४२९** | **६०८६०००००** | **७५४६७१४२९** |
| वातावरण तथा विपद् व्यवस्थापन | वारुण यन्त्र संचालन | ७००००० | | ७००००० |
| | विपद् व्यवस्थापन | १०००००० | | १०००००० |
| | वन, हरियाली, भू तथा जैविक विविधता संरक्षण | ३००००० | | ३००००० |
| | फोहोर मैला व्यवस्थापन | १०००००० | | १०००००० |
| | **वातावरण तथा विपद् व्यवस्थापन जम्मा** | **३००००००** | **०** | **३००००००** |
| संस्थागत विकास र सुशासन | सूचना प्रविधि | २५००००० | | २५००००० |
| | नीति, कानून, न्याय तथा सुशासन | १७००००० | | १७००००० |
| | संगठन, मानव संशाधन तथा क्षमता विकास | १८२०००००० | | १८२०००००० |
| | राजस्व तथा स्रोत परिचालन | ५००००० | | ५००००० |
| | सामाजिक सुरक्षा तथा पञ्जिकरण | २००००० | ५००००० | ७००००० |
| | **संस्थागत विकास र सुशासन जम्मा** | **१८६९००००००** | **५०००००** | **१८७४०००००** |
| **विषयगत क्षेत्र कुल बजेट** | | **४०३०९३५७९** | **९०८६०००००** | **१३११६९३५७९** |
| विशेष अनुदान | संघ | | ४५००००० | ४५००००० |
| | प्रदेश | | २०००००० | २०००००० |
| वित्तिय व्यवस्था व्याज भुक्तानी नगर विकास कोष | | **१८०००००** | | १८००००० |
| सामाजिक सुरक्षा भत्ता | | | २२०००००००० | २२०००००००० |
| साझेदारी आयोजना | | २०००००० | | २०००००० |
| वडा बजेट सिलिङ्ग (१२*१२००००००) | | १४४०००००० | | १४४०००००० |
| नगरस्तरीय आयोजना | | १४०००००० | | १४०००००० |
| **जम्मा** | | **५६४८९३५७९** | **११३५१०००००** | **१६९९९९३५७९** |